# एम.एस्सी. (कृषि), एम.एस्सी. (पशु विज्ञान र एक्वाकल्चर), एम.भि.एस्सी. र विद्यावरिधि तहमा विद्यार्थी भर्ना सम्बन्धि सूचना

मिति: २०७७।०८।२९

शैक्षिक वर्ष २०७७/७८ का लागि यस अध्ययन संस्थानद्धारा कीर्तिपुरमा संचालित स्नातकोत्तर कार्यक्रम अन्तर्गत स्नातकोत्तर र विद्यावारिधि तहका विभिन्न विषयहरुमा भर्ना हुनका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक व्यक्तिहरुले आफुले हासिल गरको शैक्षिक योग्यताको प्रमाणपत्रहरु: Transcript र Provisional/original degree certificate का साथै नागरिकताको प्रमाणपत्र, बैंक भौचर र हालसालै खिचेको पासपोर्ट साइजको फोटो सहित रितपूर्वकको आवेदन फाराम भरी तोकिएको समयभित्र स्नातकोत्तर तहको लागि यस अध्ययन संस्थानको website (entrance.iaas.edu.np/masters) मा online बाट निबेदन दिनुपर्नेछ (फारम भर्ने तरिका परिशिष्ट १ मा दिईएको छ) भने विद्यावारिधि तहको लागि शैक्षिक प्रशासन, डीनको कार्यालयमा वुझाउन सूचित गरिन्छ । यदि कुनै विद्यार्थीले Transcript प्राप्त नगरेको भए सम्बन्धित कार्यालयबाट उक्त डिग्रिको कुल प्राप्ताङ्कको प्रतिशत वा ग्रेड खुल्ने गरी एक प्रमाणपत्र Transcript को स्थानमा upload गर्नू पर्ने छ । यदि Provisional/original degree certificate पनि प्राप्त नगरेको भए सम्बन्धित कार्यालयबाट अध्ययन अवधि तथा पास गरेको प्रमाण खुल्ने किसिमको प्रमाण पत्र certificate को ठांउमा upload गर्नुपर्ने छ । Transcript र Certificate दुवै प्राप्त नगरेको हकमा उक्त डिग्रिको कुल प्राप्ताङ्कको प्रतिशत वा ग्रेड, अध्ययन अवधि र पास गरेको प्रमाण खुल्ने गरी एउटै प्रमाणपत्रलाई Transcript तथा Certificate upload गर्ने दुवै स्थानमा upload गर्न पनि सकिनेछ । तर भर्ना हुंदाका बखत Transcript तथा Certificate अनिवार्य रुपमा पेश गर्नु पर्ने छ

## १. स्नातकोत्तर तहमा निम्नानुसारका विषयहरुमा भर्ना लिईनेछ ।

१.१. एम.एस्सी. (कृषि) तर्फ अध्यापन हुने विषयहरु:

(क) कृषि अर्थशास्त्र
(ख) वाली विज्ञान
(ग) बागबानी
(घ) माटो विज्ञान
(□) कृषि बनस्पती तथा इकोलोजी
(च) वाली रोग विज्ञान
(छ) कृषि प्रसार
(ज) किट बिज्ञान

१.२. एम.एस्सी. (पशु विज्ञान) तर्फ अध्यापन हुने विषयहरु:

(क) पशु उत्पादन तथा व्यवस्थापन
(ख) पशु पोषण तथा चारा उत्पादन
(ग) पशु प्रजनन

१.३. एम.एस्सी. (एक्वाकल्चर) तर्फ अध्यापन हुने विषय:

(क) एक्वाकल्चर

१.४. एम.भि.एस्सी. तर्फ अध्यापन हुने विषयहरु:

(क) भेटेरीनरी प्याथोलोजी
(ख) भेटेरीनरी प्यारासाइटोलोजी

## २. आवश्यक न्यूनतम शैक्षिक योग्यता:

२.१. **M.Sc.Ag.** तहको लागि B.Sc.Ag./B.Sc.Hort. तह कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण ।

२.२. **M.Sc.An.Sc.** तहको लागि B.Sc.Ag./B.Sc.An.Sc./B.V.Sc.&A.H. तह कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण।

२.३. **M.Sc.Aqua.** तहको लागि B.Sc.Ag., B.Sc.An.Sc., B.Sc.Aqua, B.Sc.Fisheries वा B.V.Sc.&A.H. वा M.Sc.(Zoology) मा ऐक्षिक Fisheries विषयमा कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण ।

२.४. **M.V.Sc.** तहको लागि B.V.Sc.&A.H. वा समानस्तरको डिग्री कम्तीमा दोश्रो श्रेणीमा उत्तीर्ण ।

## ३. आवेदन र प्रवेश परीक्षा सम्वन्धि जानकारी :

३.१. आवेदन फाराम भर्ने मिति: आवेदन फाराम online (entrance.iaas.edu.np/masters) बाट मिति २०७७□०८□२९ देखि २०७७□०९□१९ गते राति १२ बजे सम्म भर्न सकिनेछ । आवेदनमा भएको भुलसुधार गर्न चाहेमा २०७७□०९□२० गते सम्म कार्यालय समय भित्र रु. २००।– को बैंक भौचर बुझाई निबेदन मार्फत भुलसुधार गर्न सकिनेछ । म्याद नाघी वा रीत नपुगी प्राप्त हुन आएका आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन । झुटो विवरण पेश गरेको पाइएमा आवेदन वा भर्ना समेत जुनसुकै वेला रद्द गर्न सकिनेछ ।

३.२. M.Sc.Ag., M.Sc.An.Sc./Aqua. and M.V.Sc. को लागि online बाट छुट्टाछुट्टै आवेदन भर्नु पर्नेछ । प्रति आवेदन फाराम शुल्क र प्रबेश परिक्षा शुल्क गरी कूल रु २,५००।– (दुई हजार पांच सय मात्र) लाग्नेछ। आवेदन फाराम शूल्क त्रि. वि. कीर्तिपुर स्थित नेपाल बैंक लिमिटेडमा रहेको खाता □कृ.प.वि.अ.सं., प्रवेश परीक्षा, IAAS Entrance ०४५००१०६५९८५४३००००००१□ मा सोहि वैक वा नेपाल बैंक लिमिटेडको अन्य शाखाबाट रकम जम्मा गरी सक्कलै भौचर प्रत्येक आबेदन फारामसाथ upload गनुपर्नेछ। माग गरिएका कागजात रितपूर्वक भए नभएको रुजू गरी रकम जम्मा गर्नुपर्नेछ । रकम जम्मा गरीसकेपछि फिर्ता हुनेछैन ।

३.३. **प्रवेशपत्र वितरण:** M.Sc.Ag., M.Sc.An.Sc./Aqua. and M.V.Sc. परीक्षाका लागि मिति २०७६□०९□२२ गतेबाट अलग अलग प्रबेशपत्र वितरण गरिनेछ । आवेदकले entrance.iaas.edu.np/masters webpage खोली applicant's status थिचि आफ्नो identity entry गरी search status click गरेपछि admit card देखाउनेछ । उक्त admission card अनिवार्य रुपमा **color print** गर्नुपर्नेछ । परीक्षा कोठामा प्रवेश गर्दा रंगिन प्रवेशपत्र र सक्कल नागरिकता□राहदानि□सवारी इजाजतपत्र अनिवार्य देखाउनुपर्नेछ ।

३.४. प्रत्येक परीक्षामा बहुछनौटिय वस्तुगत किसिम (Multiple choice objective type) का १०० वटा प्रश्नहरु हुनेछन् । प्रवेश परिक्षाको पुर्णा□ १०० र उतीणा□ ५० हुनेछ । M.Sc.Ag., M.Sc.An.Sc./Aqua. and M.V.Sc. तहको लागि छुट्टाछुट्टै परीक्षा हुनेछन । तल तालीकामा उल्लेख भए अनुसारका विषयहरुबाट प्रश्नहरु सोधिने छ ।

**M.Sc.Ag. (Plant Sciences and Social Science)**

| S.N. | Subject | Marks |
|---|---|---|
| 1 | Agronomy | 9 |
| 2 | Horticulture | 9 |
| 3 | Soil science and agri-engineering | 9 |
| 4 | Agri-economics | 9 |
| 5 | Agri-botany and ecology | 9 |
| 6 | Plant breeding | 9 |
| 7 | Plant pathology | 9 |
| 8 | Entomology | 9 |
| 9 | Sociology and Agri-extension | 9 |
| 10 | Animal Sciences | 9 |
| 11 | Statistics & Mathematics | 4 |
| 12 | Crop Physiology, Biochemistry & others | 4 |
| 13 | General Knowledge | 2 |
| | **Total** | **100** |

**M.Sc. (Animal Sciences and Aquaculture)**

| S.N. | Subject | Marks |
|---|---|---|
| 1 | LPM | 15 |
| 2 | Animal nutrition | 15 |
| 3 | Aquaculture | 15 |
| 4 | Dairy Science & Technology | 10 |
| 5 | Animal Breeding | 10 |
| 6 | Animal Health | 5 |
| 7 | Plant Science | 10 |
| 8 | Agri-economics and Extension | 10 |
| 9 | Statistics & Mathematics | 4 |
| 10 | Biochemistry and others | 4 |
| 11 | General Knowledge | 2 |
| | **Total** | **100** |

**M.Sc. (Veterinary Sciences)**

| S.N. | Subject | Marks |
|---|---|---|
| 1 | Vet. Parasitology | 15 |
| 2 | Theriogenology | 15 |
| 3 | Vet. Pathology | 15 |
| 4 | Other Animal Sciences | 15 |
| 5 | Vet. Medicine | 5 |
| 6 | Physiology | 5 |
| 7 | Microbiology | 5 |
| 8 | Pharmacology | 5 |
| 9 | Surgery | 5 |
| 10 | Agri-economics and Extension | 5 |
| 11 | Statistics & Mathematics | 4 |
| 12 | Biochemistry and others | 4 |
| 13 | General Knowledge | 2 |
| | **Total** | **100** |

३.५. M.Sc.Ag. र M.V.Sc को प्रवेश परीक्षा मिति २०७७□०९□२५ गते मध्यान्न ११:०० बजे देखी १२:३० बजे सम्म र M.Sc.An.Sc./Aqua. को सोहि दिनको २:०० बजे देखि ३:३० बजे सम्म संचालन हुनेछ । परिक्षा केन्द्र सम्बन्धि जानकारी पछि गराइनेछ ।

## ४. प्रवेश परीक्षा नतिजा र भर्ना प्रकृया

४.१. प्रत्येक परीक्षाका नतिजा तथा मेरिट क्रम मिति २०७७□०९□२६ गते भित्र प्रकाशित गरिनेछ। नतिजाहरु यस अध्ययन संस्थानको सूचना पाटी र website "www.iaas.edu.np" मा पनि राखिनेछ ।

४.२. विद्यार्थी भर्ना संख्या तथा प्रकृया सम्बन्धी विस्तृत जानकारी पछि प्रकाशित गरिनेछ ।

**५. अन्य:** यस सुचनामा उल्लेख भएका वा नभएका विषयहरुमा वा अन्य कूनै समस्या आएमा Postgraduate program bulletin revised 2011 वा स्नातकोत्तर भर्ना समिति, २०७७।०७८ को निर्णय अनुसार हुनेछ । Online आवेदन तथा भर्ना सम्बन्धि थप जानकारीको लागी यस अध्ययन संस्थानको टेलिफोन नं. ०१४३३०५०० वा ०१४३३०६०० मा सम्पर्क गर्न सकिनेछ ।

## ६. विद्यावारिधि तहमा भर्नासम्वन्धि आवेदन

विद्यावारिधि तहमा प्लान बि अन्तर्गत तल उल्लेखित विषयहरुमा भर्नाको लागि आब्हान गरिन्छ । सेवामा रही अध्ययन गर्न आउने आवेदन वाहेक तल उल्लेखित विभागहरुमा विभागीय क्षमता अनुसार १ देखि २ जनासम्म भर्ना लिइनेछ ।

६.१. विद्यावरिधि (कृषि) तर्फ :

(क) कृषि अर्थशास्त्र
(ख) वाली विज्ञान
(ग) माटो विज्ञान
(घ) वाली रोग विज्ञान
(□) बागबानी
(च) कृषि प्रसार
(छ) कृषि-वनस्पति तथा वातावरण
(ज) किट विज्ञान

६.२. विद्यावारिधि (पशु विज्ञान) तर्फ :

(क) पशु प्रजनन

६.३. विद्यावारिधि (एक्वाकल्चर) तर्फ :

(क) एक्वाकल्चर

विद्यावारिधी तहको आवश्यक न्यूनतम योग्यता लगायत आवेदन सम्वन्धि थप जानकारीको लागि IAAS PG Bulletin २०११ वा शैक्षिक प्रशासन, डीनको कार्यलयमा सम्पर्क राख्नूहोला । आवेदन तोकिएको मितिभित्र डीनको कार्यलयमा वुझ्काउनु पर्नेछ र प्रति फारम रु ५०००।- वुझ्काउनु पर्नेछ ।

कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

..........................
सरोजराज मिश्र
नि. डीन एवं संयोजक
स्नातकोत्तर भर्ना समिति

**परिशिष्ट १:** कुनै पनि browser मा entrance.iaas.edu.np/masters type गरेपछि start registration page खुल्नेछ । सो start registration button click गरेमा Bank information page र त्यसपछि next click गरेमा registration and photo instructions क्रमस देखा पर्नेछन् । फेरी next click गरेमा application form देखा पर्नेछ । विद्यार्थीले instructions राम्रो संग पढि त्यहां उल्लेखित नियम पालना गर्नु पर्नेछ । आवेदन फाराममा asterisk (*) दिइएका बुंदाहरु अनिवार्य रुपमा भर्नुपर्नेछ अन्यथा आवेदन save तथा upload हुने छैन । आवेदन फाराम पूर्ण रुपमा भरेपछि तथा आवश्यक प्रमाणपत्रहरु upload गरेपछि पूछारमा रहेको save button click गरी सबै जानकारी बचाउनुपर्ने छ । फोटो तथा प्रमाणपत्रहरु upload गर्दा सम्बन्धित box थिची, फाईल खोलि click गरी open click गरेमा सम्बन्धित box को दांया भागमा सो प्रमाणपत्र देखापर्नेछ । save भएमा saved successfully देखाई फारामको सिरानमा फर्कन्छ । आबेदन फारामको सिरानमा बांया भागमा रहेको edit button थिचि Submit नगर्दै आफूले भरेको तथ्याङ्कहरु तथा upload गरिएका प्रमाणपत्रहरु ठिक तथा पुरा भए□नभएको रुजु गरि सबै आवश्यक तथ्याङ्कहरु तथा प्रमाणपत्रहरु पुरा भएपछि पुन: save गरेर मात्र submit button थिचिनुपर्नेछ । Submit button थिचेपछि पून: रुजु गर्न मिल्ने छैन । Submit फल भएमा माथि दांया कुनामा Download confirmation page देखापर्नेछ । सो click गरेमा पिंधको बांयां कुनामा file देखिन्छ सो click गरी एक प्रति print गरी लिनु पर्नेछ, जस्को तथ्याङ्क प्रबेशपत्र लिन आवश्यक पर्नेछ ।